राष्ट्र निर्माणमा एउटै संकल्प विद्युत र सौर्य ऊर्जा पहिलो विकल्प

राष्ट्रिय साप्ताहिक

# विद्युत संसार

Bidhut Sansar National Weekly

वर्ष ७ | अंक ४७ | पूर्णाङ्क ३२८ | १५ चैत २०७९, बुधबार | www .bidhutsansar .com | bidhutsansar@gmail .com | WEDNESDAY, 29 MAR, 2023 | पृष्ठ ८ | मूल्य: रु.१५




## नयाँ खिम्ती–बाह्रबिसे प्रसारण लाइन समयमै सक्न प्राधिकरणको ताकेता

**काठमाडौँ चैत ।** नेपाल विद्युत् प्राधिकरणले तामाकोसी-काठमाडौं २२०/४०० केभी प्रसारण लाइन आयोजना अन्तर्गत नयाँ खिम्ती-बाह्रबिसे खण्ड निर्माणलाई शीघ्र सम्पन्न गर्न सम्वद्ध पक्षलाई आग्रह गर्दै ताकेता गरेको छ ।

चिलिमे जलविद्युत् कम्पनीको अगुवाइमा सिन्धुपाल्चोकमा निर्माणाधीन एक सय दुई मेगावाट क्षमताको मध्य भोटेकोसी जलविद्युत् आयोजनाको विद्युत् प्रसारण लाइन अभावमा जोड्न नसकी खेर जाने अवस्था आउन नदिन प्राधिकरणले सो प्रसारण लाइन निर्माणलाई उच्च प्राथमिकतामा राखेको हो ।

नयाँ खिम्तीमा चार सय केभी क्षमताको सवस्टेसन निर्माण र सवस्टेसनको क्षमता वृद्धिका लागि २२०/१३२/३३ केभी, २०० एमिए क्षमताको थप पावर ट्रान्सफर्मर जडान कार्य जारी छ ।

रामेछापका मन्थली नगरपालिका-१३ साँखे (फुलासी) स्थित नयाँ खिम्ती सवस्टेसनदेखि सिन्धुपाल्चोकको बाह्रबिसे सवस्टेसनसम्मको



प्रसारण लाइनको लम्बाइ ४३ किलोमिटर छ । रामेछाप, दोलखा र सिन्धुपाल्चोक जिल्ला भएर जाने नयाँ खिम्ती-बाह्रबिसे प्रसारण लाइन खण्डमा पर्ने एक सय १८ वटा टावरमध्ये ९३ वटा टावरको जग हालिएको छ । यस्तै, ७३ वटा टावर खडा गरिएको छ भने बीस किलोमिटर तार तानिएको छ । साथै छ वटा टावरको जग हाल्ने र तीन वटा टावर खडा गर्ने काम भइरहेको छ ।

रामेछापमा पर्ने तीन वटा टावरको निर्माणका लागि जग्गा अधिग्रहणको प्रक्रिया सुरू गरिएको छ । दोलखामा पर्ने ८४ वटा टावरमध्ये मेलुङ गाउँपालिका-७ सित्तलीमा निर्माण हुने एक वटा टावर जग्गाधनीको अवरोधका कारण निर्माण हुनसकेको छैन । अधिग्रहण गरिने जग्गाका लागि २०७७ को पुसमा प्रतिरोपनी रू १० लाख मुआब्जा निर्धारण गरिएकोमा त्यसमा असहमति जनाउँदै जग्गाधनीले निर्माणमा अवरोध गरिरहेका छन् ।

सिन्धुपाल्चोकमा पर्ने ३१ वटा टावरमध्ये १३ वटाको जग हालिएको छ भने तीन वटा खडा गरिएको छ । भौगोलिक

बाँकी पृष्ठ ६ मा...

## ४५० मेगावाटको सेती नदी ६ को सर्वेक्षण अनुमति एनएचपीसीले पायो

विद्युत संसार संवाददाता

**काठमाडौं, चैत ।** लगानी बोर्ड नेपालले ४५० मेगावाट क्षमताको सेती नदी ६ आयोजनाको सर्वेक्षण अनुमति भारतीय कम्पनी एनएचपीसी लिमिटेडलाई दिइएको छ । बोर्डले डोटी र अछाम जिल्लामा निर्माण हुने सेती नदी ६ आयोजनाको अनुमतिपत्र जारी गर्दै भारतीय कम्पनी एनएचपीसीलाई दिइएको हो ।




लगानी बोर्ड नेपालमा गत फागुन ४ गते एनएचपीसीले सेती नदी ६ आयोजनाको सर्वेक्षण अनुमति माग गर्दै निवेदन दर्ता गरेको थियो । लगानी बोर्ड र एनएचपीसीबीच गत भदौ २ गते पश्चिम सेती र सेती नदी ६ परियोजना निर्माण सम्बन्धी समझदारी भएको थियो । एनएचपीसीले ती दुवै आयोजनाबाट उत्पादित बिजुली बेच्न अर्को भारतको सरकारी पावर ट्रेड कर्पोरेसन इन्डिया लिमिटेड (पीटीसी) सँग विद्युत् खरीदबिक्रीका लागि पनि सम्झौता गरिसकेको छ ।

बोर्डले तीन महीनाभित्र आयोजना अध्ययन गरी प्रारम्भिक प्रतिवेदन र २१ महिनाभित्र विस्तृत आयोजनाको प्रतिवेदन (डीपीआर) बुझाउनुपर्ने गरी अनुमति दिएको हो । एनएचपीसीले यसअघि

बाँकी पृष्ठ ६ मा...




Marketed in Nepal by:
Him Electronics Pvt .Ltd .

For Corporate Inquiry: Narayan Chaur, Naxal, Kathmandu, Tel: 01-5909999

वर्ष ७ /अंक ४७ / पूर्णाङ्क ३२८ / बुधवार १५ चैत २०७९

विद्युत संसार

## सम्पादकीय

# देश विकासमा पूँजीगत खर्च आवश्यक

आर्थिक वर्षको समय घर्किसक्दा वर्षभरिका लागि छुट्याइएको विकास लक्षित बजेटको खर्च भने अत्यन्त न्यून छ । चालु आर्थिक वर्ष २०७८/०७९ सकिन करिब साढे ३ महिना बाँकी रहँदा विकास (पूँजीगत) खर्च २४.१२ प्रतिशतमा सीमित छ । महालेखा नियन्त्रक कार्यालयको आँकडाअनुसार सरकारले अहिले ९१ अर्ब १७ करोड रूपैयाँ मात्र खर्च गर्न सकेको छ । यस्तो दयनीय अवस्था भएको सरकारले बजेटको मध्यावधि समीक्षामा विकास बजेटको खर्च ३ खर्ब ८० अर्बबाट घटाएर ३ खर्ब १३ अर्ब ८५ करोड रूपैयाँमा मात्र हुने अनुमान सार्वजनिक गरिसकेको छ । सुरूको विनियोजनअनुसार विकास बजेट खर्च गर्न सरकारले अब दैनिक ३ अर्ब ५५ करोड रूपैयाँ खर्च गर्न सक्नुपर्छ । यसले देखाउँछ- विकास निर्माणको काम कछुवा गतिमा छ । सडक, पुलपुलेसा, सिंचाई, खानेपानी, विद्युत् आयोजनालगायत विकास निर्माणका काम सुस्त भएपछि देशको पूर्वाधार निर्माणमा फड्को मार्ने समय पनि खेर गइरहेको छ ।

त्यसो त, विकास निर्माणमा जाने पूँजीगत खर्च कम भएको यस वर्ष मात्र होइन । अघिल्ला आर्थिक वर्षहरूमा पनि यस्ता समस्या भइरहने गरेका छन् । देशको विकास साधारणतया कहिले, कसरी र कहाँ पूँजीगत खर्च, लगानी वा प्रयोग गरिन्छ त्यसमा निर्भर रहन्छ । पूँजीगत खर्चले देशका नागरिकलाई रोजगारीको सृजना गर्छ, जनताको जीवनस्तरमा वृद्धि गराउँछ र समग्र देशको विकासमा टेवा पुऱ्याउँछ । तर नयाँ राजनीतिक समीकरण र धेरै मन्त्रीहरूको फेरबदलले कर्मचारीतन्त्र विकास बजेट खर्चको दर बढेको छैन । कतिपय विकासे अड्डा बजेटका कार्यक्रम पन्छाएर ठेक्का लगाउन थप स्रोत सुनिश्चितता र रकमान्तर खोज्दै अर्थ मन्त्रालय धाइरहेका छन् । यस्तो प्रवृत्तिका कारण विकास खर्च विगतकै जस्तो बन्न पुगेको छ ।

सरकार आफैले पूँजीगत खर्चका लागि छुट्याइएको रकम एकातिर समयमा खर्च गर्न सक्दैन भने अर्कोतिर विकास आयोजनाको रकम समयमा नै निकासा गरिरहेको हुँदैन । आर्थिक वर्षका अन्तिम दिनहरूमा बजेट सक्न हतारमा हारहुर खर्च गर्ने प्रवृत्ति छ । बजेट रित्याउन गुणस्तरहीन काममा खर्च गरिने भएकाले आर्थिक वर्षको पुछारतिर हुने पूर्वाधार निर्माणको कामलाई 'असारे विकास' नाम दिइन्छ । "खर्चमा अहिलेसम्मको सुस्तता हेर्दा यो वर्ष पनि असारे विकासले निरन्तरता पाउने देखिन्छ । यस्तो प्रवृति देश विकासका लागि नै नकारात्मक सन्देश हो यसैले बजेटमा छुट्याईएको बजेट समयमा नै खर्च हुन सक्ने हो भने देश विकासमा ठूलो परिर्वतन देख्न सकिन्छ । यसका लागि सम्पूर्ण राजनैतिक दलहरूले दलगत र व्यक्ति फाईदा भन्दा माथि उठेर कामकार्य गर्न आवश्यक छ ।

# सामुदायिक विद्युत संस्थालाई लगाम नलगाऔं

रुपचन्द्र तुलाधर
गोरखा

सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपाल जसले लामो समय देखि नेपालको ग्रामिण क्षेत्रमा विद्युतीकरण गर्दै आएको छ । सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपालको २०६२ सालमा स्थापना भएको हो । इतिहास हेर्दा यस्ता संस्थाले नेपाल विद्युत प्राधिकरणले राष्ट्रिय प्रसारण लाईन पुऱ्याउन नसकेको ठाउँमा सामुदायिक विद्युत संस्थाहरूले ९० प्रतिशत सरकारको र १० प्रतिशत समुदायको गरी ग्रामिण क्षेत्रमा विद्युतीकरण गर्ने सरकारको उद्धेश्य अनुरुप नेपाल सरकारको उज्यालो अभियानलाई पुरा गर्न ठूलो योग्दान पुऱ्याएको छ । देशभरीका ५५ जिल्लाका ग्रामीण क्षेत्रमा साढे ५ लाख भन्दा बढी घरधुरीमा सामुदायिक विद्युतीयकरण मार्फत विद्युत पहुँच पुगेको छ ।



भौगोलिक विकटता भएको र पातलो वस्ती भएको हाम्रो जस्तो मुलुकका लागि सबै नेपालीको घरमा जलविद्युतबाट उज्यालो पुऱ्याउन सजिलो थिएन । नेपाल सरकारले विभिन्न माध्यमबाट विद्युतको पहुँच पुऱ्याउने प्रयास गरेता पनि नेपाली जनताको बढ्दो आकांक्षा र नेपालमा उत्पादित जलविद्युतको अवस्थाले विद्युतीकरणको द्रुत विकास हुन सकेन यस्तो अवस्थामा पनि नेपालको ग्रामीण क्षेत्रमा विद्युत उज्यालो पुऱ्याउन ठूलो भुमिका सामुदायिक विद्युत संघ संस्थाहरूले गर्दै आएका छन् । तर कही समय अगाडी नेपाल विद्युत प्राधिकरणको ९२७ औं बैठकबाट विद्यमान विद्युत वितरण प्रणालीबाट लिज वा भाडामा लिएका संस्थाहरूको सम्झौता खारेज गर्ने निर्णयले यी संस्थाहरू मारमा परेको अनुभुति भइरहेको छ भने महासंघले पनि सरकारले एक पक्षीय पूर्वाग्राही निर्णय लिएको भन्दै सामुदायिक विद्युत संस्थाहरूलाई पूर्ववत अवस्थामा सञ्चालन गर्न । महासंघको १८ औं राष्ट्रिय परिषद् बैठक आग्रह गरेको छ ।

ग्रामीण विद्युतीकरण भएका क्षेत्रमा भोल्टेजको समस्या धेरै भएको, मर्मतसम्भार बेलैमा नभएको र संस्थाहरूमा विकृति मौलाएकाले अब प्राधिकरणबाटै सेवा पुऱ्याउनुपर्ने सँगै २ वर्षभित्र सबै क्षेत्रमा राष्ट्रिय प्रसारणलाइनको बिजुली पुऱ्याउने लक्ष्यसहित काम गरिरहेको सरकारले ग्रामीण क्षेत्रमा सामुदायिक संस्थामार्फत दिइएको विद्युत सेवालाई अब सरकारकै मातहतमा ल्याउन लागेको हो । पछिल्ला समयमा सरकारले २० युनिटसम्म उपभोग गर्ने ग्राहकलाई विद्युत सेवा निःशुल्क दिने नीति ल्याएपछि सामुदायिक विद्युत सेवा दिने संस्थाहरू समस्यामा पर्दै आएका छन् । सामुदायिक विद्युतीकरण गर्न १० प्रतिशत स्थानीय बासिन्दाले जुटाउनुपर्ने व्यवस्थालाई अब पनि निरन्तरता दिनु उपयुक्त नहुने र सरकार सक्षम भइसकेपछि समुदायमाथि आर्थिक तथा प्राविधिक बोझ थपेर राख्न नहुने साथै राष्ट्रिय प्रसारणबाट गुणस्तरीय बिजुली दिनुपर्ने सरकारको बुझाई रहेको छ । विद्युत प्राधिकरणको उद्धेश्य पुरा गर्न, नेपाल सरकारको उज्यालो अभियानलाई पुरा गर्न, विद्युत खपतलाई वृद्धि गर्न, प्रणाली शुद्धिकरण गर्ने लगायतका विषयलाई देखाएर सम्झौता खारेज गर्ने निर्णय आफैमा गलत भएको महासंघले बताउँदै गर्दा सरकारले यसलाई सुधार नगरी सम्झौता खारेज गर्ने निर्णय गर्नु आफैमा अनुपयुक्त रहेको छ । केही समस्या भएमा त्यसलाई सुधार गर्न सकिन्छ तर इतिहास देखि ग्रामीण क्षेत्रमा उज्यालो पुऱ्याउँदै आएका संघ संस्थाहरूको योगदानलाई सरकारले आँखा चिम्लेर घाटि निमोड्नु हुँदैन ।

> **"केही सामुदायिक संस्थाहरुले सानातिना त्रुट्रि गर्दै गर्दा देशका ग्रामीण क्षेत्रमा ठूलो योगदान दिदैं आएको सबै संस्थाहरुलाई नियन्त्रण गर्न खोज्नु सरकारको उत्तम कदम होईन ।"**

ग्रामिण क्षेत्रमा विद्युतीकरण गर्ने सरकारको उद्धेश्य अनुरुप नेपाल सरकारको उज्यालो अभियानलाई पुरा गर्न ठूलो सहयोग पुगेको र सामुदायिक संस्थाहरूको सक्रियताले विद्युतीय चुलो मार्फत विद्युत खपतमा पनि वृद्धि गरेर प्राधिकरणको भन्दा राम्रो सेवा दिदैं आएको बताउँदै आएका सामुदायिक संस्थाहरूले यो निर्णय प्रति आक्रोश व्यक्त गरेका छन् । सामुदायिक विद्युतीकरणको दिगो विकास र व्यवस्थापनका लागि नीतिगत रूपमा सम्बोधन गर्न आवश्यक रहेकोले विद्युत ऐनमा सामुदायिक विद्युतीकरण सम्बन्धी सरकारले व्यवस्था समावेश गर्न आवश्यक छ । नेपालभर पाँच लाख ५० हजार घरमा विद्युतीकरणमात्र होईन त्यहाँ उद्यमशिलतासँगै प्रत्यक्ष र उप्रत्यक्ष रूपमा सयौँले रोजगारी पाएका छन् । उज्यालो नेपाल बनाउने अभियानमा सामुदायिक विद्युत उपभोक्ता संघ संस्थाहरूले सरकारलाई सहयोग गर्दै गर्दा यस्ता संस्थाहरूलाई अपमान र अपहेलना नगरी यस्ता संस्थाहरूको दिगो विकास र व्यवस्थापनको निम्ति आवश्यक व्यवस्था गर्न महासंघले सरकार समक्ष आग्रह समेत गर्दै आएको छ । महासंघले १८ औं राष्ट्रिय परिषद् बाट राज्यपक्षको अविलम्ब १३ बुदे ध्यानाकर्षण पत्र

बाँकी पृष्ठ ५ मा...

# खानेपानी र सरसफाइको लक्ष्य हासिल गर्न बजेटको आकार र जनशक्ति बढाउनुपर्छ

**सरकारले विकास निर्माणको अन्य क्षेत्रमा जस्तै खानेपानी र सरसफाइमा पनि आवधिक लक्ष्य निर्धारण गरी ती लक्ष्य परिपूर्तिका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । विकास साझेदार र विभिन्न गैरसरकारी संस्थाले समेत सरकारले राखेको लक्ष्य प्राप्तिको लागि सघाईरहेका छन् । सरकार यत्तिबेला आफैले बनाएको पन्धौं आवधिक योजना कार्यान्वयनको अन्तिम वर्ष बिताईरहेको छ । पन्धौं आवधिक योजनाले खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा राखेको लक्ष्य भेट्टाउन हम्मे–हम्मे पर्ने देखिन्छ । यसै सन्दर्भमा हामीले पन्धौं आवधिक योजनाले खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा राखेको लक्ष्य र यसको परिपूर्तिको अवस्थाका विषयमा खानेपानी तथा ढल व्यवस्थापन विभागका उपमहानिर्देशक ई.रामकुमार श्रेष्ठसँगको कुराकानीमा आधारित सम्पादित अंश ।**



उप–महानिर्देशक ई.रामकुमार श्रेष्ठ
खानेपानी तथा ढल व्यवस्थापन विभाग

**खानेपानी र सरसफाइ क्षेत्रमा पन्धौं योजनाले राखेको लक्ष्य प्राप्तिको अवस्था कस्तो छ ? बताईदिनुहोस् न ।**

पन्धौं आवधिक योजनाले स्वच्छ, सुरक्षित र दिगो खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने सोचका साथ सबैलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवाको पहुँच सुनिश्चित गर्दै गुणस्तरीय सेवा अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । आधारभूत स्तरको खानेपानीबाट हालसम्म ९४ प्रतिशत जनसंख्या लाभान्वित भईसकेका छन् भने पन्धौं आवधिक योजनाले आर्थिक वर्ष २०८०/०८१ सम्म उक्त सेवा ९९ प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ । यसरी हेर्दा हामी आवधिक लक्ष्य हासिल गर्न नजिक पुगेका छौं । यस क्षेत्रलाई प्राथमिकतामा राखेर केही थप स्रोत साधन परिचालन गर्ने हो भने लगभग लक्ष्य प्राप्त गर्न सक्छौं । तोकिएको लक्ष्य हासिल गर्ने जिम्मेवारी संघीय सरकारको मात्र पनि होइन, यसको लागि तीनै तहको सरकारको संयुक्त प्रयास र पहल जरूरी छ । साथै गैरसरकारी निकाय, उपभोक्ता समिति, नागरिक समाज, सेवा प्रदायकहरूको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ ।

**खानेपानीको क्षेत्रमा सरकारी तथा गैरसरकारी संस्थाबाट यत्ति धेरै लगानी हुँदा पनि अझै ६/७ प्रतिशत नागरिक आधारभूत स्तरको खानेपानी सेवाबाटै वञ्चित हुनुपर्ने विडम्बनापूर्ण अवस्था किन ?**

हाल आधारभूत स्तरको खानेपानी सेवाको प्रगति ९४ प्रतिशत पुगेको अवस्था छ । अब ६ प्रतिशत जनसंख्या मात्र सो सेवाको पहुँचबाट वञ्चित भएको देखिन्छ । यो भनेको एक पटक पनि खानेपानी सेवा प्राप्त नगरेको संख्या हो । हाम्रो पहिलो प्रयास भनेकै पहुँच नपुगेको (Unreach) मा सेवा पुऱ्याउनु हो । त्यसपश्चात परिमाण र गुणस्तर अभिवृद्धि गर्नु हो । एक पटक पनि सेवा नपाएका समुदाय वा नागरिक को हुन् भन्ने पहिचान चाहि स्थानीय तहबाट हुन जरूरी छ । किनभने जनताको सबैभन्दा नजिकमा बसेर सेवा दिने तह नै स्थानीय तह हो । तर सेवा पुऱ्याउनको लागि भने तीनै तहको समन्वय आवश्यक पर्दछ । हालसम्म पनि आधारभूत खानेपानीको पहुँचबाट वञ्चितमा परेको चाहिं पक्कै पनि दुर्गम भेग, भौगोलिक कठिनाइ, पानीको स्रोत सहज नभएको स्थान नै हुनुपर्दछ । यस्ता स्थानहरूमा सेवा पुऱ्याउन विशेष किसिमको कार्यक्रम र बजेट विनियोजनको आवश्यकता पर्दछ । हालसम्म पनि वञ्चितिमा पर्नु भनेको



हाम्रो योजना छनौट प्रक्रियामा कहीं न कहीं कमजोरी भएकै हो । आवश्यकता र मागको आधारमा भन्दा पनि पहुँचको आधारमा योजना छनौट गर्ने प्रवृत्तिले गर्दा नै यस्तो भएको हो । अब योजना बैंक (Project Bank) प्रणाली विकास गर्नुपर्दछ । साथै खानेपानी तथा ढल व्यवस्थापनका आयोजनाहरूको लागत बढ्दै गएकोले बजेट विनियोजन पनि बढाउनुपर्दछ ।

**आधारभूत खानेपानी उपलब्ध गराउने लक्ष्य मात्र होइन, सुरक्षित खानेपानीको पहुँच पुऱ्याउने लक्ष्य पनि पूरा नहुने अवस्था देखिन्छ । यस्तो अवस्था चाहिं किन होला ?**

आवधिक योजना अनुसार आर्थिक वर्ष २०८०/०८१ सम्ममा उच्च तथा मध्यम स्तरको खानेपानीको सेवा पुगेको जनसंख्या ४० प्रतिशत पुऱ्याउने हो । यसको प्रगति हाल २६ प्रतिशत रहेको छ । यसरी हेर्दा लक्ष्य हासिल हुन नसक्ने भन्ने त होइन तर कठिन भने पक्कै छ । खानेपानी तथा सरसफाइ सेवा प्राप्त गर्ने विषय नागरिकको मौलिक हक अन्तर्गत राखिने, दिगो विकास लक्ष्य एवं आवधिक लक्ष्यमा प्राथमिकता साथ राखिने तर कार्यक्रम र बजेट विनियोजन पर्याप्त उपलब्ध नहुनु नै लक्ष्य प्राप्त गर्न नसक्नुको मुख्य चुनौती हो । यस क्षेत्रमा अग्रणी र नेतृत्वदायी भूमिका निभाइरहेको खानेपानी तथा ढल व्यवस्थापन विभागको जनशक्ति हेर्‍यौं भने जम्मा २८ जना इन्जिनियरले ७७ वटा जिल्लाका कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । यस क्षेत्रको लागि आवश्यक पर्ने बजेट र जनशक्ति लगायतका स्रोत साधन परिचालन गर्ने हो भने लक्ष्य भेट्टाउन अवश्यक सक्छौं ।

**लक्ष्य भेट्टाउनै नसकिने त होइन तर यही गतिले लक्ष्य पूरा हुने स्थिति पनि देखिदैन । लक्ष्य नै त्यस्तो महत्वकांक्षी थियो कि कसो ?**

उक्त आवधिक योजनाका लक्ष्यहरू हेर्दा प्राप्त गर्न सकिने नै देखिन्छ । त्यस्तो महत्वकांक्षी पनि होइन । तर कोभिड–१९ ले गर्दा भएको आर्थिक मन्दी, महाभूकम्पको पुनर्निर्माण कार्य, पटक पटक परिवर्तन भईरहेको मन्त्रालयको राजनैतिक नेतृत्व र यसको कारणबाट कर्मचारीतन्त्रमा परेको असर/प्रभाव आदिको कारणले गर्दा पनि लक्ष्य हासिल गर्न जत्ति महत्व पाउनुपर्ने हो त्यति नपाएकै अवस्था हो । आगामी दिनमा यी कुराहरू सुधार भई तीव्रतर प्रगति हुनेछ, यसको लागि सरोकारवाला सबैको साथ सहयोग प्राप्त हुनेछ भन्नेमा विश्वस्त छु ।


**पन्धौं आवधिक योजनाले राखेको लक्ष्य पूरा नहुनु भनेको दिगो विकास लक्ष्य पूरा नहुने स्थिति सिर्जना हुनु पनि हो । खानेपानी तथा सरसफाइ क्षेत्रको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लक्ष्यहरु हासिल गर्न अबको बाटो कस्तो हुनेछ ? कसरी अगाडि बढ्नुहुन्छ ?**

अवश्य पनि दिगो विकासको लक्ष्यसँग तालमेल हुने गरेर नै पन्धौं योजनाको लक्ष्य तय गरिएको छ । लक्ष्य अनुसारको उपलब्धी हासिल गर्नको लागि खानेपानी तथा सरसफाइ क्षेत्रको बजेट सिलिङ बढाउनुपर्छ । खानेपानी तथा ढल व्यवस्थापन विभाग लगायत यसमा कार्य गर्ने सरकारी कार्यालयहरूमा प्राविधिक जनशक्ति थप गरी संगठनात्मक संरचना पुनरावलोकन गरिनुपर्दछ । लक्ष्य प्राप्त गर्नको लागि खानेपानी तथा ढल व्यवस्थापन विभागले माग र आवश्यकतामा आधारित खानेपानी तथा ढल व्यवस्थापनका आयोजनाहरूलाई प्रभावकारी ढंगले कार्यान्वयन गरिरहेको छ । समन्यायिक र समावेशी तरिकाले खानेपानीको सेवा प्रदान गर्न आवश्यक पर्ने नीति, निर्देशिका तर्जुमा र संशोधन गरिरहेको छ । तीनै तहका सरकारहरूको समन्वय र सहलगानीमा खानेपानी आयोजनाहरू सञ्चालन कार्य अगाडि बढाएको छ । जलवायु परिवर्तन, मानव सिर्जित परिस्थिति लगायत अन्य कारणहरूले गर्दा खानेपानीको स्रोत सुकेको कारण नदी खोलाबाट पम्पिङ गरी प्रशोधन गर्नुपर्दा पनि खानेपानी योजनाको लागत बढ्ने गरेको छ । यसको व्यवस्थापनको लागि पनि विभागले सम्बन्धित निकायसँग आवश्यक पहल गरिरहेको छ । -वास खबरबाट

# रक्सौल-काठमाडौँ रेलमार्गको डिपिआर तयार पारिँदै

विद्युत संसार संवाददाता

**काठमाडौं चैत ।** भारतको रक्सौलदेखि काठमाडौँसम्म रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण सुरू भएको छ । कूल एक सय ३६ किलोमिटर लम्बाइको रेलमार्गको सम्भाव्यता अध्ययन भई डिपिआर निर्माण सुरू भएको नेपाल रेल्वे कम्पनी लिमिटेडले जनाएको छ । भारतीय रेल्वे कम्पनी कर्पोरेसन (कोङ्कण)को प्राविधिक टोलीले रेलमार्गको डिपिआर तयार पारिरहेको छ ।



नेपाल र भारतबीच २०७६ साल भदौ १५ मा रक्सौल-काठमाडौँ रेलमार्गको प्रारम्भिक सम्भाव्यता अध्ययनका लागि सम्झादारी पत्रमा हस्ताक्षर भएपछि डिपिआर तयार पार्न नेपालले २०७७ सालमै भारतलाई औपचारिक प्रस्ताव पठाएको थियो । सोही प्रस्तावअनुसार डिपिआर निर्माण भइरहेको नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक नीरञ्जनकुमार झाले भन्नुभयो भारतसँग जोडिने अन्तरदेशीय रेलमार्ग ब्रोडगेजमा बनाउने गरी प्रारम्भिक सम्भाव्यता अध्ययन भए पनि सरकारले सो रेलमार्ग स्ट्यान्डर्ड गेजमा बनाइदिन आग्रह गर्दै आएको छ । भारतीय रेल्वे कम्पनी कोङ्कणले नेपाल सरकारसँगको समन्वयमा आठ महिनामा प्रतिवेदन तयार पारेको थियो । प्राम्भिक अध्ययनअनुसार रेलमार्गको दूरी एक सय ३६ किलोमिटर हुने र रेलमार्गका लागि सुरूङ तथा विशेषखालको पुल निर्माण गरिने छ ।

यस्तै नेपाललाई रेल सञ्जालमा जोड्ने महोत्तरीको बर्दिबासदेखि बाराको निजगढसम्मको रेलमार्ग निर्माणका लागि माटो फिलिङ्गको कार्यसमेत भइरहेको महाप्रबन्धक झाले बताउनुभयो । जयनगर-बर्दिबास रेलमार्ग अन्तर्गत धनुषाको कुर्थादेखि महोत्तरीको विजलपुरासम्म १७ किलोमिटर ब्रोडगेज रेलमार्ग निर्माण अन्तिम चरणमा पुगेको छ । कुर्थादेखि विजलपुरासम्म रेलमार्गको ट्र्याक निर्माणको मुख्य कार्यहरू सम्पन्न भइसकेकाले केही दिनभित्रै भारतीय निर्माण कम्पनीले नेपाल रेल्वे कम्पनीलाई ट्र्याक हस्तान्तरण गर्ने महाप्रबन्धक झाको भनाइ छ ।

नेपालमा रेल सञ्जाल विस्तार गर्नेबारे नेपाल र भारत सरकारबीच सन् २०१० मा भएको द्विपक्षीय सम्झौता भएको थियो । सोहीअनुसार २०११ देखि निर्माण थालनी भएको थियो । ब्रोडगेज निर्माणको ठेक्का भारतीय ठेकेदार कम्पनी इरकन इन्टरनेसनल लिमिटेडले प्राप्त गरी कम्पनीको निगरानीमा धनुषा र महोत्तरीमा दुईवटा निर्माण कम्पनीलाई ठेक्का दिएर काम अघि बढाइएको नेपाल रेल्वे कम्पनीले जनाएको छ ।

जयनगरदेखि महोत्तरीको बर्दिबाससम्म ७० किलोमिटर निर्माणाधीन रेलमार्गमध्ये जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर रेलमार्गमा गत २०७८ चैत २० देखि नियमित रेल सेवा सञ्चालन भइरहेको छ । सो मार्गमा चल्ने रेल सेवाको गत २०७८ चैत २० गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरूपमा उद्घाटन गर्नुभएको थियो । त्यसयता रेल सेवा दैनिक दुई पटक आउने र दुई पटक जाने गरिरहेको छ ।

| प्रहरी | फोन नं. |
|---|---|
| प्रहरी प्रधान कार्यालय | |
| ४४११५४९ | |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९८, ४२२६९९९ |
| प्रहरी कन्ट्रोल | ११०, १२०, १३०, १०० |
| जिल्ला प्रहरी (काठमाडौँ) | ४२६१९४५, ४२६१८४३ |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१०२८४ |
| पर्यटक प्रहरी | ४२४७०४१ |
| **प्रमुख जिल्ला अधिकारी** | **फोन नं.** |
| काठमाडौँ | ४२६२४७८,४२६२८२८ |
| ललितपुर | ५५२११६५, ५५२३०५१ |
| भक्तपुर | ६६१०२०१, ६६१०१०६ |
| **वारुण यन्त्र** | **फोन नं.** |
| काठमाडौँ | ४२२३८९७, ४२२११७७, १०१ |
| ललितपुर | ५५२११११, १०१ |
| भक्तपुर | ६६१००४९, १०१ |
| **सुरक्षा र एम्बुलेन्स** | |
| दमकल | १०१ |
| प्रहरी कन्ट्रोल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| जिल्ला प्रहरी कार्यालय काठमाडौँ | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी कार्यालय भक्तपुर | ५५२१२०७ |
| जिल्ला प्रहरी कार्यालय ललितपुर | ६६१४८२१ |
| **शववाहन र ट्याक्सी** | |
| नेपाल चेम्बर अफ कर्मस | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## काठमाडौ उपत्यकाको नोलाईटका फोन नम्बरहरू

| क्र.सं. | नाम | टेलिफोन नं. |
|---|---|---|
| १. | रत्नपार्क नोलाईट | ४१५३१६२/३/४ |
| २. | नक्साल नोलाईट | ४४२११३१ |
| ३. | खुँसीबु नोलाईट | ४२६८३२७ |
| ४. | बानेश्वर नोलाईट | ४४७४१६१ |
| ५. | चाबहिल नोलाईट | ४४७४१६४/४४९०८३० |
| ६. | गोकर्ण नोलाईट | ४८००१६४ |
| ७. | जोरपाटी नोलाईट | ५१३४०५५ |
| ८. | मुलपानी नोलाईट | ४१५३७०७ |
| ९. | डाँछी नोलाईट | ४४५११४० |
| १०. | जरसिँङ पौवा नोलाईट | ४२५६४९६ |
| ११. | साँखु नोलाईट | ४४५०७७० |
| १२. | महाराजगंज नोलाईट | ४३५७२१९/२६५ |
| १३. | टोखा नोलाईट | ५११००८० |
| १४. | बुढानिलकन्ठ नोलाईट | ४३७१७४९ |
| १५. | कुलेश्वर नोलाईट | ४२७२४०२/४ |
| १६. | बालाजु नोलाईट | ४३५०८९६ |
| १७. | बलम्बु नोलाईट | ४३१०५१८ ।४३१६५१३ |
| १८. | रामकोट नोलाईट | ४०३७५६६ |
| १९. | किर्तिपुर नोलाईट | ४३३०४२८ |
| २०. | फर्पिङ नोलाईट | ४७१००१७ |
| २१. | पुल्चोक नोलाईट | ५५२२०४३ |
| २२. | स्वयम्भु नोलाईट | ५५९०९६१ |
| २३. | लोकन्थली नोलाईट | ५००४२१८ ।५५२१३६५ |
| २४. | चापगाउँ नोलाईट | ५५७०५२६ |
| २५. | लुभु नोलाईट | ५५८०११२ |
| २६. | बाडे गाउँ | ५५६०५९५ |
| २७. | भक्तपुर नोलाईट | ६६१००६५ |
| २८. | खरीपाटी नोलाईट | ६६१४८६३ |
| २९. | थिमी नोलाईट | ६६३०३१७ |
| ३०. | दधिकोट नोलाईट | ६६३०९१७ |
| ३१. | पुरानो थिमी | ६६३७४८६ |

## सामान्य ज्ञान

*विद्युत शक्तिलाई नाप्ने, कन्ट्रो गर्ने, लोड र उत्पादनको ब्यालेन्स मिलाउने भोल्टेज घटाउने, बढाउने सुचना तथा नियन्त्रण गर्ने ठाउँलाई के भनिन्छ ?*
*सव स्टेशन*
*सव स्टेशनमा ब्याट्रिको प्रयोग किन गरिन्छ ?*
*बत्ती बाल्न, रिलेको लागि, अटोमेटिक कन्ट्रोल गर्न*
*पोलमा कति के.भि.ए. सम्म वितरण ट्रान्सफारमर जडान गर्न सकिन्छ ?*
*२५० के.भि.ए*
*सव स्टेशन देखि वितरण ट्रान्सफारमर सम्म लगिएको लाईनलाई के भनिन्छ ?*
*फिडर*
*पिन इन्सुलेटर कति के.भि.ए. को लाइन सम्म प्रयोग गरिन्छ ?*
*३३ के.भि*
*इलेक्ट्रोनहरुको वहावलाई रोकावाट खडा गर्ने गुणलाई के भनिन्छ ?*
*अवरोध*
*इलेक्ट्रोनहरुको वहावलाई के भनिन्छ ?*
*करेन्ट*
*विद्युतीय बल र चापलाई के भनिन्छ ?*
*भोल्टेज*
*बन्द परिपथमा विद्युतीय श्रोत र लोडको सम्पर्क हुन्छ कि हुदैन् ?*
*हुन्छ*
*मोटरलाई ओभर लोड वाट बचाउने साधनहरु के के हुन् ?*
*फ्युज, एम.सि.वि., ओभरलोड रिले*
*फ्युज र एम.सि.वि. विद्युत सर्किटमा के काम गर्छ ?*
*ओभर लोडिङवाट बचाउछ*
*बन्द विद्युत परिपथमा विद्युतको खपत हुन्छ कि हुदैन् ?*
*हो हुन्छ*
*कति किलो वाट सम्मको योजनालाई लघु जलविद्युत भनिन्छ ?*
*१ देखि १०० कि.वा.*
*कति किलोवाट सम्मको सम्मको योजनालाई ठूला जलविद्युत भनिन्छ ?*
*१०,००० किलो वाट भन्दा माथि*
*कति किलोवाट सम्मको परियोजनालाई साना-जलविद्युत भनिन्छ ?*
*१००१ देखि १०,००० सम्म*
*लो टेन्सन अर्न्तगत कति एम्पीयरसम्म सिगल फेस सप्लाई दिन सकिन्छ ?*
*३० एम्पीयर*
नेपालमा सबभन्दा बढि पावर हाउस अर्थात विद्युत उत्पादन केन्द्र भएको जिल्ला कुन हो ?
मकवानपुर
नेपालमा पहिलो पटक वायु ऊर्जाबाट विद्युत उत्पादन भएको जिल्ला कुन हो ?
मुस्ताङ
चिलिमे जलविद्युत केन्द्रको क्षमता कति हो ?
२२ मेगावाट
निजी क्षेत्रबाट बनेको दोस्रो ठूलो जलविद्युत केन्द्र कुन हो ?
भोटेकाशी
निजी क्षेत्रबाट बनेको सबभनदा ठूलो जलविद्युत केन्द्र कुन जिल्ला , क्षमता कहि हो ?
खिम्ती जलविद्युत , ६० मेगावाट दोलखा जिल्ला
नेपालमा पहिलो पटक *Wind Turbine* कुन टमउँमा जडान गरिएको थियो ?
मुस्ताङको कागवेनी
*SFCB* पुरा नाम के हो ?
*Shulpher Hexafluoride Circuit Breater*
(साल्फर हेक्साफ्लोराईड सार्किट ब्रेकर)

राष्ट्रिय साप्ताहिक
विद्युत संसार

# राष्ट्रिय प्रसारण लाइनमा जोडियो सुपर मादी जलविद्युत्

**गण्डकी चैत ।** सुपर मादी जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जडान गरिएको छ । कास्कीको मादी गाउँपालिका वडा नं १ र २ मा निर्मित कूल ४४ मेगावाटको जलविद्युत् आयोजनाको निर्माण सम्पन्न गरी आन्तरिक परीक्षण भई आयोजनास्थलबाट १९ किलोमिटर दूरीमा रहेको लेखनाथ सवस्टेशनमा जडान गरिएको हो ।




विसं २०७५ मङ्सिरदेखि निर्माण थालेको सो आयोजना निर्माणमा रु आठ अर्ब ७० करोड खर्च भएको छ । २०७८ चैतदेखि विद्युत् उत्पादन गर्ने लक्ष्य राखिए पनि कोरोना महामारी तथा २०७८ असार १ मा मादी खोलामा आएको बाढीलगायत कारणले केही समय ढिलो भएको कार्यकारी अध्यक्ष पुष्पज्योति ढुङ्गानाले जानकारी दिनुभयो । सुरुमा रु सात अर्ब ४७ करोड लागत भनिए पनि बाढी प्रकोप, बैंकको ब्याजदरमा आएको परिवर्तन, अर्थतन्त्रमा देखिएको तरलतालगायत कारणले उक्त लागत बढ्न गएको आयोजनाले जनाएको छ ।

मुख्य सुरूङको लम्बाइ करिब छ किलोमिटर रहेको र कमजोर भौगोलिक अवस्थाका कारण करिब आठ सय मिटर पेनस्टक पाइप सुरूङभित्र जडान गर्दा करिब २५ करोड लागत थपिएको जनाइएको छ । आयोजनाका लागि रु दुई अर्ब १० करोड शेयर पुँजी रहेको छ । बाँकी सानिमा विकास बैंकको अगुवाइमा राष्ट्रिय वाणिज्य बैंक, कुमारी बैंक, कृषि विकास बैंक, एभरेष्ट बैंक, प्रभु बैंक र हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कं लि.को लगानी रहेको छ । वार्षिक २४२ दशमलव ६५ गिगावाट घन्टा बिजुली उत्पादन हुने आयोजनाको सुपर मादी हाइड्रो पावर लिमिटेड प्रवर्द्धक एवं सिभिल ठेकेदार फेवा कन्ट्रक्सन प्रालि, हाइड्रो मेकानिकल ठेकेदार माछापुच्छ्रे मेटल एण्ड मेसिनरी प्रालि र इलेक्ट्रो मेकानिकल ठेकेदार एशिया प्यासिफिक पावर टेक प्रालि र परामर्शदाता सानिमा हाइड्रो एण्ड इञ्जिनियरिङ कम्पनी रहेका छन् ।

# तल्लो ईन्द्रावती जलविद्युत आयोजना बन्दै

विद्युत संसार संवाददाता

**काठमाडौं, चैत ।** सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिकामा रहेको ईन्द्रावती तेस्रो जलविद्युत आयोजनाको कासकेड प्रोजेक्टका रूपमा तल्लो ईन्द्रावती जलविद्युत आयोजना निर्माण हुने भएको छ ।

विद्युत विकास विभागले एक सूचना जारी गर्दै उक्त जलविद्युत आयोजना निर्माण हुने जानकारी दिएको हो ।

नेसनल हाइड्रोपावर कम्पनीले निर्माण गर्ने ४.५ मेगावाट क्षमताको ईन्द्रावती तेस्रो जलविद्युत आयोजनाको टेलरेसको पानीलाई उपयोग गरी आयोजनाको निर्माण गर्न लागिएको जनाइएको छ । आयोजना निर्माणका क्रममा मुख्य संरचनाहरू ईन्द्रावती खोलाको दायाँ किनारमा निर्माण गरिने छ । आयोजनाका लागि आवश्यक पानी ईन्द्रावती तेस्रो जलविद्युत आयोजना टेलरेसबाट ६ मिटर चौडाइ र १.८५५ मीटर उचाइ भएको 'ईन्टेक ओपनिङ'बाट फर्काईनेछ ।

आयोजनाको वार्षिक सरदर २९.९८ गिगावाट घण्टा विद्युत हुनेछ । आयोजना २०८१ भित्रमा सम्पन्न गर्ने लक्ष्य लिइएको सूचनामा उल्लेख गरिएको छ ।

## सामुदायिक विद्युत...

क्रमश पृष्ठ २ बाट....

सहित निर्णय फिर्ता लिन आग्रह गरेको छ । साँच्चै सरकारले पनि यस विषयमा अध्ययन र पूर्वअवलोकन गर्न उचित हुन्छ । समुदायबाट सञ्चालन गरेको विद्युतीकरणलाई गुणस्तरीय समुदायमैत्री बनाउन सामुदायिक विद्युतीकरण विनियमावलीमा पुनरावलोकन गरी काठका पोल बदली तथा ट्रान्सर्फमरको क्षमता बढाउने कार्य राज्यकै तर्फबाट हुने आवश्यक छ । जसले गर्दा सामुदायिक विद्युतीकरण अझ गुणस्तरीयता हुन पुग्दछ ।

केही सामुदायिक संस्थाहरूले सानातिना त्रुटि गर्दै गर्दा देशका ग्रामिण क्षेत्रमा ठूलो योगदान दिदैं आएको सबै संस्थाहरूलाई नियन्त्रण गर्न खोज्नु सरकारको कदम आफैमा नकारात्मक सन्देश जनतामा पुग्ने हुन्छ । समुदायलाई बलियो बनाउनु सरकारकै कर्तव्यमा पर्दछ । तर समुदायलाई अन्यायमा पारेर क्षणिक स्वार्थका लागि गरिने निर्णयलाई फिर्ता लिएर ग्रामिण क्षेत्रमा उज्यालो पुऱ्याउन सहयोग गर्ने विद्युत उपभोक्ता संघ संस्थाहरूलाई सुधार गर्नेतर्फ ध्यान दिन आजको आवश्यक छ ।

# केवलका तार हटाउन माग

विद्युत संसार संवाददाता

**तुलसीपुर, चैत ।** तुलसीपुरका इन्टरनेट सेवा प्रदायक कम्पनीले अव्यवस्थित तार नहटाएपछि नेपाल विद्युत् प्राधिकरण तुलसीपुरले ध्यानाकर्षण गराएको छ । नेपाल टेलिकमसहित १२ सेवा प्रदायक कम्पनीको कार्यालयमा पुगेर प्राधिकरणले ध्यानाकर्षण गराएको हो ।

तार नहटाउँदा बजार कुरूप बनेको जनाउँदै त्यसलाई हटाउनका लागि १५ दिने सूचना पनि जारी गरेको विद्युत् प्राधिकरण वितरण केन्द्र तुलसीपुरका प्रमुख ज्ञानप्रसाद फर्सालले बताउनुभयो । "सूचना जारी गरेको १५ दिन हुनै लागेको छ, हामीले चिठी पनि पठाएका थियौँ", उहाँले भन्नुभयो, "कार्यालयमा पुग्दा कसैले त्यो पत्रसमेत खोल्नुभएको अवस्था छैन ।"

अहिले बजारमा पुराना केवल लाइन छन् । कुनै घरमा 'नेट' हटाएमा तार त्यही छोड्नेजस्ता कुराले गर्दा तार अव्यवस्थित छन् । त्यसले गर्दा पनि बजार कुरूप रहेकाले आफ्ना तार आफैँ हटाउन भनि कम्पनीसँग सहमति भएको थियो । त्यहीअनुसार काम गर्ने भनी कार्यालयले चिठी पठाएको भए पनि सोहीअनुरूप काम नभएको पाइएको उहाँले बताउनुभयो । कार्यालयमा पुगेर ध्यानाकर्षण गराए पश्चात केबल नेट हटाउने प्रतिबद्धतासमेत व्यक्त गरेको भन्दै केही दिनमा हटिसक्ने प्रमुख फर्सालको भनाइ थियो ।



तुलसीपुर क्षेत्रमा नेपाल टेलिकम, एनसिएललगायत १२ वटा इन्टरनेट सेवा प्रदायक कम्पनीसँग समन्वय गरेर काम लाग्नेलाई एकठाउँमा बाँध्ने र लामो समयदेखि काम नलाग्ने अवस्थामा रहेका तारलाई निकाल्ने भनी सहमति भएको थियो । यसअघि नेट बिग्रिने, पोल ढल्ने हुँदा मात्रै तार हेर्ने चलन थियो । त्यस्तै घरमा नेट बन्द गरे पनि त्यो तार त्यही पोलमा छोड्ने कार्य हुन्थ्यो । त्यसले गर्दा पनि बजार कुरूप बन्दै गएको उहाँले बताउनुभयो ।

# काठमाडौंमा फ्लोरा एक्स्पो हुँदै

शिखर श्रेष्ठ

**काठमाडौं चैत ।** पुष्प व्यवसायको विकास, विस्तार र प्रवर्द्धनका लागि भन्दै फ्लोरिकल्चर एशोसियशन नेपालले काठमाडौंमा फ्लोरा एक्स्पो आयोजना गर्ने भएको छ ।

एशोसियशनले सोमबार पत्रकार सम्मेलन गर्दै भृकुटीमण्डपमा आगामी चैत १७ देखि २० गतेसम्म काठमाडौंमा '२४औं फ्लोरा एक्स्पो' आयोजना गर्ने जानकारी दिएको हो ।




'स्वच्छ वातावरण तथा आर्थिक समृद्धिका लागि पुष्प व्यवसाय' भन्ने मूल नाराका साथ मेला आयोजना गर्न लागिएको आयोजकले जनाएको छ । मेलामा ६२ व्यावसायिक स्टल, तीन ल्यान्डेस्केपिङ स्टल, १० अफिसियल स्टल, तीन प्रतियोगितात्मक प्रदर्शनी स्टल र दुई फुड स्टल रहने जनाइएको छ । मेलामा मौसमी फूल, कट् फ्लावर, ड्राइफ्लावर, सुनाखरी, कम्पोस्ट मल, फूलका बीउबिजन, ग्रीन हाउस, कृषि औजार, विषादी, प्याकेजिङ सामग्रीलगायत स्टल रहनेछन् ।

पुष्प नर्सरी, आपूर्तिकर्ता कम्पनी, व्यावसायिक तथा विभिन्न सङ्घसंस्थाका साथै भारत र बङ्गलादेशका पुष्प व्यवसायी पनि मेलामा सहभागी हुने आयोजकको भनाइ छ । मेलामा सहभागी भएका विभिन्न पुष्प व्यवसायीद्वारा उत्पादित फूल बिरुवाबीच प्रतिस्पर्धा गराई उत्कृष्टलाई पुरस्कृत गरिने जनाइएको छ । पुष्पजन्य वस्तुको बजारीकरण, यस क्षेत्रसँग सम्बन्धित नयाँ ज्ञान तथा सीप, बजारको अवस्थालगायतका विषयमा जानकारी लिनका लागि यो मेला उपयुक्त अवसर रहेको एशोसियशनले जनाएको छ ।

norisys®

# नयाँ खिम्ती–बाह्रबिसे...

क्रमश पृष्ठ १ बाट....

रूपमा कठिन तथा जटिल स्थानमा पर्ने बाँकी टावर निर्माणका टावर निर्माणस्थलसम्म पुग्न पहुँच सडक खन्ने काम भइरहेको छ । नयाँ खिम्ती–बाह्रबिसे खण्डको समग्र निर्माण प्रगति ७० प्रतिशत रहेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, प्रसारण निर्देशनालय उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठ, आयोजना व्यवस्थापन निर्देशनालयका उपकार्यकारी निर्देशक ताराप्रसाद प्रधान सम्मिलित उच्चस्तरीय टोलीले शनिबार स्थलगत अनुगमन भ्रमण गरी प्रसारण लाइन र सवस्टेसन निर्माण प्रगतिका बारेमा छलफल गरेको हो । टोलीले प्रसारण लाइन निर्माणमा रूख कटान, जग्गा अधिग्रहण, निर्माण सामग्री तथा उपकरणको आपूर्ति, स्थानीयको अवरोध, निर्माण सम्पन्न हुने तालिकालगायतका विषयमा विस्तृतरूपमा छलफल गरेको थियो । टोलीले नयाँ खिम्ती–बाह्रबिसे खण्ड प्रसारण लाइन र सवस्टेसनको काम आगामी साउनभित्र सम्पन्न गर्न आयोजना व्यवस्थापन र निर्माणमा संलग्न व्यवसायीलाई निर्देशन दिएको छ ।

"यो आयोजना सम्पन्न भएमा मध्यभोटेकोसीको विद्युत् सिधैँ जोड्न सकिने विकल्प देखिएको छ, निर्माण छिटो सम्पन्न गर्न आयोजनाको दातृ निकायबाट पनि बारम्बार ताकेता आइरहेको छ, वर्षायाम सुरू हुनुभन्दा अघिनै जनशक्ति तथा उपकरण थप गरी निर्माणमा तीव्रता दिनुहोस्, स्थानीय समस्या समाधान गरी आगामी साउनभित्र निर्माण सम्पन्न गरी काम गरौँ," घिसिङले भन्नुभयो ।

नयाँ खिम्ती–बाह्रबिसे खण्ड प्रसारण लाइन निर्माणका लागि चिनियाँ कम्पनी ग्वाङ्सी ट्रान्समिसन एण्ड सवस्टेसन कन्ट्रक्सन तथा सेन्जेन क्लाउ इलेक्ट्रोनिक्सको उपक्रमले ठेक्का पाएको थियो । तर, ठेक्का सम्झौताको ७४ प्रतिशत समय बित्दासमेत कम्पनीले निर्माणका प्रारम्भिक काम नै नगरेपछि सम्झौता अवधि बाँकी नै रहेको अवस्थामा ठेक्का तोडिएको थियो । यी कम्पनीले नै २२० केभी बाह्रबिसे सवस्टेसन निर्माण गरिरहेको छ । प्राधिकरणले सवस्टेसन निर्माण आगामी असारभित्र सम्पन्न गर्ने समयसीमा दिएको छ ।



प्राधिकरणले चिनियाँ कम्पनीसँग ठेक्का तोडी ठेक्का रकमको १० प्रतिशत अर्थात १४ लाख ५४ हजार अमेरिकी डलर र रू छ करोड १६ लाख ७४ हजार कार्यसम्पादन जमानत जफत गरेको थियो । यसैगरी, ठेकेदार कम्पनीले अग्रिम भुक्तानीका लागि राखेको १४ लाख ५४ हजार डलर र रू छ करोड १६ लाख ७४ हजार बैक जमानत पनि जफत गरिएको थियो । त्यसपछि प्राधिकरणले गरेको नयाँ बोलपत्रमा भारतीय कम्पनी केइसी इन्टरनेसनलले ठेक्का पाएको थियो । प्राधिकरण र कम्पनीबीच २०७६ को जेठमा ठेक्का सम्झौता भएको थियो । तामाकोसी–काठमाडौँ २२०/४०० केभी प्रसारण लाइन आयोजना बाह्रबिसेबाट काठमाडौँको लप्सीफेदीसम्मको ४६ किलोमिटर ४०० केभी डबल सर्किट तथा लप्सीफेदीबाट भक्तपुरको चाँगुनारायणसम्मको १४ किलोमिटर १३२ केभी प्रसारण लाइन र बाह्रबिसेमा २२०/१३२/११ केभी सबस्टेसन निर्माणाधीन छन् । साथै, लप्सीफेदीमा ४००/२२०/१३२/११, बाह्रबिसेमा ४०० केभी र नयाँ खिम्तीमा ४०० केभी सबस्टेसन निर्माण भइरहेको छ ।

तामाकोसी तथा सुनकोसी नदी र ती नदीका सहायक खोलानालाको जलविद्युत् आयोजनाको विद्युत् काठमाडौं उपत्यकामा ल्याउन तथा राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गर्न तामाकोसी–काठमाडौँ प्रसारण लाइन र सवस्टेसन निर्माण गर्न लागिएको हो । प्रसारण लाइनमा नेपाल सरकार तथा प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋण रहेको छ । माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाले निर्माण गरेको २२०/१३२ केभी, १०० एमिए क्षमताको नयाँ खिम्ती सवस्टेसनको क्षमता विस्तारका लागि काम भइरहेको छ । खिम्ती र लिखू नदी करिडोरमा निजी क्षेत्रका जलविद्युत आयोजनाका विद्युत् जोड्नका लागि नयाँ खिम्ती सवस्टेसनको हालको क्षमताले नधान्ने हुँदा क्षमता विस्तार गर्न लागिएको हो । यसका लागि सवस्टेसनमा ६६.६७ एमभिएका चार वटा, ३० एमभिएका दुई वटा र ६/८ एमभिएको १ वटा पावर ट्रान्सफर्मर जडान कार्य भइरहेको छ ।

# ४५० मेगावाट...

क्रमश पृष्ठ १ बाट....


नै पश्चिम सेती जलविद्युत परियोजनाको सर्वेक्षण अनुमति लिँदै प्रारम्भिक अध्ययन प्रतिवेदनसमेत बुझाइसकेको छ । सेती नदी ६ परियोजनाका विषयमा यसअघि अध्ययन गर्न लागेको विभिन्न लागत बुझाउँदै एनएचपीसीले सर्वेक्षण अनुमति माग गर्दै लगानी बोर्डमा निवेदन दिएको थियो ।

एनएचपीसीले ७५० मेगावाट क्षमताको पश्चिम सेती परियोजनाका विषयमा वृहत अध्ययन गरिरहेको छ । बोर्डले सेती नदी ६ परियोजनाको सर्वेक्षण अनुमति दिएसँगै यस आयोजनाका विषयमा पनि अध्ययन अघि बढाउने भएको छ ।

गत भदौ २ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको उपस्थितिमा भएको समझदारीपत्रमा दुई वर्षभित्र अध्ययन सम्पन्न गर्दै दुवै परियोजना निर्माण अघि बढाउने उल्लेख छ । दुवै आयोजना निर्माण गर्न ३ खर्ब रूपैयाँ लगानी आवश्यक पर्ने र एनएचपीसीले २ खर्ब ८८ अर्ब रूपैयाँ (१ खर्ब ८० अर्ब भारू) जुटाउने सहमति भएको छ ।

CHINT | Next
CHINT ELECTRIC | series
The Next Reliable Choice
Marketed in Nepal by:
Him Electronics Pvt. Ltd.

# ट्वीट बहस



**BM Bhatta**
@BijayBh25535397

यो देशका विशेषज्ञलाई एउटा जथमचय मात्रै त्यस्तो व्यापार हो जसले करिब उत्पादनको करिब दश प्रतिशत खर्च कटाएर नब्बे प्रतिशत आम्दानी विदेश निर्यातबाट कमाउँछ भन्ने कुरा बुज्न बाँकी छ । विरोधको नाउमा विरोध पनि नगर्नु नि । बिजुली नेपालमा प्रयोग गर्न कसले रोकेको छ भनेको?



**Mukesh Kafle, PhD**
@MukeshKafle4

पावर एक्सचेन्ज मार्फत आयात हुने बिजुलीको मूल्य प्रति यूनिट रु १२ र प्रतिस्पर्धी बजारमा रु २० सम्म छ । नेविप्राले नीजिक्षेत्रसँग सुख्खायाममा प्रति यूनिट रु ७.२०/८.४० सम्म खरीद गर्छ । सन् २०२२ मा नै आत्मनिर्भर हुनुपर्नेमा अझैपनि सुख्खायाममा ५० % बिजुली आयात हुनु दुर्भाग्यपूर्ण छ ।



**Ratna Sansar Shrestha**
@pakanajole

"झण्डै ३९ हजार परिवार टुकीकै भरमा जीविकोपार्जन गरिरहेका छन् ।"अझ ७५२ वटा पालिकामा नै उद्योग संचालन गर्न सकिने गरेर औद्योगिक स्तरको बिजुली कहिले उपलब्ध गराउँछन् होला भारतलाई बिजुली बेच्न मग्न रहँदा देशको औद्योगिकरण गर्ने सोच भने किन नआउने रहेछ ?



**रामेश**
@RaameshKoirala

५०वर्षदेखि नेपाल पनि स्विट्जरल्याण्डजस्तै पहाडैपहाड भएकाले घडीजस्ता हलुका सामान बनाएर धनी हुनुपर्छ भनेर पढियो। धनी देश बनाउन कृषि, बिजुली र पर्यटन त कति पढियो पढियो। तर आज पनि देश तन्नम छ र कार्टेलिङ नगरे कुखुरो बिजिनेससमेत चौपट छ। तर देशमा योजना आयोग, सरकार र नेता चैं गजब छन्।



**Ananda Ram Paudel**
@AnandaRamPoudel

दुई महिनामै गठबन्धन टुटाउनुपरेको एउटा कारण राजेन्द्र लिङ्देन पनि रहेछन्। नेपालको बिजुली तिब्बत पठाउने विषयमा चिनियाँ पक्षलाई वार्तामा बोलाएर छलफल चलाएछन्। उनको यो भूमिकाले इण्डो-अमेरिकन नेक्सस सशङ्कित मात्र हैन आक्रोशित भएको थियो ।



**राज मार्ग**
@raajmarg

नेपालमा पनि९२.२%जनसंख्या विद्युतको पहुचमा पुगेछ बाबजुद खाना पकाउन कुल जनसंख्याको ५९%ले दाउरा प्रयोग गर्ने रहेछ०.५%ले मात्रै विधुतिय चुलो? महशुल कै डरले त होला नि?सस्तो भरपर्दो सब्सिटी प्रोग्राम ल्यायर ?एन् आयात कम गर्न सकिन्न?बिजुली भारतलाइ बेच्ने नाममा पंगु किन बनाउनु ?

## नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
मधेश प्रदेश, प्रादेशिक कार्यालय जनकपुर

### दरभाउपत्र आह्वान सम्बन्धी सूचनाहरू

(सूचना प्रकाशित मिति : २०७९/१२/१४)

१. लहान वितरण केन्द्र (Email: lahan@nea.org.np, फोन नं. ०३३-५६३६४६)

| S.No. | Tender/SQ No. | Description of Works |
|---|---|---|
| 1 | NEA/LDC/2079/80-SQ-3 | एल.टी. लाइन निर्माण कार्य । |
| 2 | NEA/LDC/2079/80-SQ-4 | एल.टी./एच.टी. लाइन निर्माण, ट्रान्सफर्मर जडान तथा फेज थपको कार्य । |

For Details, Please visit : **http://www.bolpatra.gov.np.**
थप जानकारीका लागि सम्बन्धित कार्यालयमा सम्पर्क गर्नुहोला ।

## नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
बागमती प्रदेश, प्रदेश डिभिजन कार्यालय, हेटौंडा

### सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७९।१२।१४

१. हेटौंडा वितरण केन्द्र, हेटौंडा (email : hetauda@nea.org.np फोन नं. ०५७-५२१३२४)

| S.No. | Sealed Quotation No. | Description of Works |
|---|---|---|
| 1 | NEA/HDC-2079/080-SQ-06 | Constructions, Reinforcement and Replacement of wooden Pole works of HT/LT Line at different Places of Hetauda Sub-Metropolitan Ward No:-19 |

For Details Please Visit www.bolpatra.gov.np/egp

## नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
मधेश प्रदेश, प्रादेशिक कार्यालय जनकपुर

### दरभाउपत्र आह्वान सम्बन्धी सूचनाहरू

(सूचना प्रकाशित मिति : २०७९/१२/१२)

**१. सिमरा वितरण केन्द्र** (Email: simara@nea.org.np, फोन नं. ०५३-५२१०६६)

| S.No. | Tender/SQ No. | Description of Works |
|---|---|---|
| 1 | SDC-2079/080-SQ-06 | Construction of HT Line at Bharatganj Sighaul of Nijgadh Area. |
| 2 | SDC-2079/080-SQ-07 | Replacement of Wooden pole By Steel tubular pole and Restringing of ACSR conductor at Jitpur simara Sub Municipality ward no. 21, 22 and different ward of Nijgadh Municipality Area. |

**२. मधेश प्र. प्रादेशिक कार्यालय जनकपुर** (Email: janakpur.ro@nea.org.np, फोन नं. ०४१-४२४०७५)

| S.No. | Tender/SQ No. | Description of Works |
|---|---|---|
| 1 | NEA/MPPOJ/2079/080-GLM-EL05 | Supply and Delivery of Fully Galvanized Line Materials (Channel and Nut Bolt). |
| 2 | NEA/MPPOJ/2079/080-SS-EL06 | Supply and Delivery of Fully Galvanized Stay Set and Stay Wire. |

For Details, Please visit : **http://www.bolpatra.gov.np.**
थप जानकारीका लागि सम्बन्धित कार्यालयमा सम्पर्क गर्नुहोला ।

## नेपाल आयल निगम लिमिटेड
टेकु, काठमाडौं, नेपाल

### ४१औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०७९।१२।१३ गते)

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस निगमको मिति २०७९/१२/०२ गते बसेको सञ्चालक समितिको बैठक नं. २३२६ को निर्णयानुसार आर्थिक वर्ष २०७८/७९ को निगमको ४१औं वार्षिक साधारण सभा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न देहायको मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०७९/१२/२७ गते, सोमबार (१० अप्रिल, २०२३)
समय : अपरान्ह ३:०० बजे
स्थान : उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सभाहल, सिंहदरबार, काठमाडौं ।

**साधारण प्रस्तावहरू :**

१) अध्यक्षज्यूको मन्तव्य र ४१औं वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२) लेखा परीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/७९ को वासलात, नाफा/नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल र पारित गर्ने ।
३) ४१औं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनीहरू तथा सञ्चालकहरूको तर्फबाट एक-एक जना प्रतिनिधि तोक्ने ।
४) आर्थिक वर्ष २०७८/७९ को लेखा परीक्षकको नियुक्ति, पारिश्रमिक एवं खर्च अनुमोदन गर्ने ।
५) आर्थिक वर्ष २०७९/८० को लेखा परीक्षण गर्न श्री महालेखा परीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
६) विविध ।

आज्ञाले,
कम्पनी सचिव

सधैं मल्टिस्ट्र्याण्ड तार प्रयोग गरौं । विद्युत संसार

### बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/१२/१२

ने.वि.प्रा., सामान्य सेवा विभागबाट तपसिल बमोजिमको सामान खरिदका लागि E-bidding मार्फत बोलपत्र आह्वान गरिन्छ ।

| बोलपत्र नं. | कार्य विवरण | बोलपत्र प्राप्त गर्ने/दाखिला गर्ने कार्यालय | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने स्थान, मिति र समय | बोलपत्र फाराम दस्तुर/बिडबन्ड | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | दस्तुर (रु.) | बैंक खाता नं. | रकम (रु.) | बिडबन्ड मान्य अवधि |
| NEA/GSD/RW-079/80-05 | Renovation, Refurbishment and Re-modelling of NEA Head Office Meeting Rooms | www.bolpatra.gov.np/egp | २०८०/०१/१२ गते दिउँसो १२:०० बजे | सामान्य सेवा विभाग २०८०/०१/१२ गते दिउँसो १३:०० बजे | ३,०००।०० | केन्द्रीय भुक्तानी महाशाखा, ने.वि.प्रा. धरौटी खाता नं. ००१०००२२८७३००००१, कुमारी बैंक, पुतलीसडक, काठमाडौं | १,८०,०००।०० | बोलपत्र खोल्ने मितिबाट १२० दिन |

इच्छुक योग्य बोलपत्र दाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट विस्तृत जानकारी, बोलपत्र फाराम डाउनलोड तथा पेस गर्न सक्नेछन् । थप जानकारीका लागि तल उल्लेखित कार्यालयमा सम्पर्क गर्नुहुनेछ ।

**नेपाल विद्युत प्राधिकरण**
सामान्य सेवा विभाग, दरबार मार्ग, काठमाडौं
फोन नं. ०१-४१५३१०२, ४१५३१६७/इमेल : generalservices@nea.org.np

## नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
सुदूरपश्चिम प्रादेशिक कार्यालय
भजनी वितरण केन्द्र

### बोलपत्र/दरभाउपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०७९।१२।१४

यस भजनी वितरण केन्द्रमा तपसिल बमोजिमको कार्यहरू गराउनुपर्ने भएकोले इच्छुक फर्महरूबाट Public Procurement Monitoring Office (PPMO) को वेबसाइट www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेस गर्न आह्वान गरिएको छ ।

| सि. नं. | बोलपत्र आह्वान नं. | कामको विवरण | बोलपत्र/दरभाउपत्र प्रस्ताव अपलोड गर्न सकिने अवधि | बोलपत्रको प्रकार | बोलपत्रको मूल्य र दाखिला गर्नुपर्ने बैंकको खाता नम्बर | बिडबन्ड रकम र मान्य अवधि | बोलपत्र खोल्ने मिति तथा समय | लागत इस्टिमेट (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|---|---|---|---|
| १ | NEA/BHJDCS-2079/080-SQ-01 | 11kV HT Line, 400/230 Volt LT Line Construction Works at Different Places of Bhajani Municipality, Ghodaghodi Municipality and Joshipur Rural Municipality of Kailali District | २०७९/१२/१४ गते बिहान १०:०० बजेदेखि २०७९/१२/२९ दिउँसो १२:०० बजेसम्म । | Single Stage, Single Envelop | रु. १,०००।०० Agriculture Development Bank Ltd, Bhajani Branch Deposit AC No: 0822001308192022 | रु. ३३,०००।०० र ७५ दिन । | मिति २०७९/१२/२९ गते दिउँसो ०२:०० बजे । | ने.रु. ११,४०,२३५।२४ |
| २ | NEA/BHJDCS-2079/080-Line-UP-01 | 11kV HT Line, 400/230 Volt LT Line and Transformer Upgradation Work at Different Places of Bhajani Municipality, Ghodaghodi Municipality and Joshipur Rural Municipality of Kailali District | २०७९/१२/१४ गते बिहान १०:०० बजेदेखि २०८०/०१/१४ दिउँसो १२:०० बजेसम्म । | Single Stage, Single Envelop | रु. ३,०००।०० Agriculture Development Bank Ltd, Bhajani Branch Deposit AC No: 0822001308192022 | रु. १,१३,०००।०० र १२० दिन । | मिति २०८०/०१/१४ गते दिउँसो ०२:०० बजे । | ने.रु. ३९,९४,७८९।३९ |

थप जानकारीका लागि ने.वि.प्रा. भजनी वितरण केन्द्रको फोन नं. : ०९१- ५८००९६, ९८५८४८८२३६ मा सम्पर्क राख्न सकिनेछ ।

## नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
बागमती प्रादेशिक कार्यालय
दरबारमार्ग, काठमाडौं

### बोलपत्र/सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०७९।१२।१४

| क्र.सं. | कार्यालयको नाम | बोलपत्र/दरभाउपत्र नं. | कामको विवरण |
|---|---|---|---|
| १ | बालाजु वितरण केन्द्र | NEA/BJDC-2079/080-01(T) | Construction of Prefab office Room at Balaju Distribution Center, NEA. |
| २ | हेलम्बु मेलम्ची वितरण केन्द्र | NEA/HMDC/2079/080/ESQ-04 | Extension of HT (11 KV)/LT(400/230V) Transmission/ Distribution Line and Installation of Transformer at Different Places of Helambu Melamchi Distribution Center. |

**Please visit official website of PPMO (www.bolpatra.gov.np/egp) for more details.**

# सगरमाथा जलविद्युतको आईपीओमा १४ लाख भन्दा बढीले दिए आवेदन

विद्युत संसार संवाददाता

**काठमाडौं, चैत ।** सगरमाथा जलविद्युत कम्पनी लिमिटेडले सर्वसाधारणका लागि निष्काशन गरेको आईपीओमा १४ लाख भन्दा बढीको आवेदन परेको छ । कम्पनीले चैत ८ गतेदेखि १२ गतेसम्म प्रति कित्ता रू.एक सयको दरले निष्काशन गरेको आईपीओमा १४ लाख ३३ हजार ७१७ आवेदकबाट १ अर्ब ६० करोड ७६ लाख ७४ हजार रूपैयाँ बराबरको १ करोड ६० लाख ७६ हजार ७४० कित्ता शेयरको लागि आवेदन परेको हो ।

सिडिएस एण्ड क्लियरिङ्गका अनुसार सर्वसाधारणलाई निष्काशन गरेको शेयरको ४४८ गुणा बढी हो । कम्पनीले जारी पूँजी १ अर्ब १२ करोड रूपैयाँको ३९ प्रतिशतले हुन आउने ४३ करोड ६८ लाख रूपैयाँ बराबरको ४३ लाख ६८ हजार कित्ता सार्वजनिक निष्काशनका लागि छुट्याएको थियो । सो छुट्याईएको मध्ये १० प्रतिशत अर्थात ४ लाख ३६ हजार ८०० कित्ता साधारण शेयर विदेशमा रोजगार गरी रहेका नेपालीहरूका लागि निष्काशन गरेर बाँडफाँट गरिसकेको छ भने ५ प्रतिशत अर्थात २ लाख १८ हजार ४०० कित्ता सामूहिक लगानी कोषहरूका लागि र ३ प्रतिशत अर्थात १ लाख ३१ हजार ४० कित्ता शेयर




कम्पनीका कर्मचारीहरूका लागि सुरक्षित गरिएको छ ।

कम्पनीको शेयरमा माग भन्दा बढी आवेदन परेकोले धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका अनुसार गोलाप्रथाबाट न्युनतम १० कित्ताको दरले शेयर वितरण हुनेछ । त्यस अनुसार योग्य आवेदक मध्ये ३ लाख ५८ हजार १७५ जनाले मात्रै शेयर पाउनेछन् ।

## संघको सातौं अधिवेशन चैत २५ गते हुँदै

lgjfrg tflnsf ;fjhlgs

प्रदिप श्रेष्ठ

**काठमाडौं, चैत ।** काठमाडौं विद्युतीय व्यवसायी संघको तेह्रौं वार्षिक साधारण सभा एवं सातौं अधिवेशन हुने भएको छ । संघले एक सूचना जारी गर्दै संघको साधारण सभा एवं अधिवेशन चैत २५ गते शनिबार सूर्य इभेन्ट धुम्बाराहीमा हुने जनाएको छ ।

वर्तमान कार्यसमितिको दुई वर्ष कार्यकाल सकिएसँगै अधिवेशनले नयाँ कार्यसमिति सदस्य पाउँदैछ । निर्वाचनका लागि संघले निर्वाचन तालिका सार्वजनिक गरेको छ । निर्वाचन तालिका अनुसार अन्तिम मतदाता नामावली प्रकाशन चैत २४ गते शुक्रबार २ बजे गरिने छ । जसका लागि उम्मेदवारी मनोनयन पत्र वितरण चैत १९ आइतबार उम्मेदवारी मनोनयन पत्र दर्ता २० गते अपराह्न ३ बजे, मनोनयन पत्र दर्ता भएका उम्मेदवारहरूको नामावाली प्रकाशन सोही दिनकै ४ बजे, उम्मेदवारको दाबी विरोधमा उजुरी दिन सक्ने २१ गते एक बजे, उम्मेदवारहरूको नामावली प्रकाशन सोही दिनको २ बजे र उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता लिन २२ गते अपराह्न २ बजे तोकिएको छ । संघले प्रकाशित गरेको सूचना अनुसार मतदान बन्दसत्र समापन लगतै साधारण सभा हलमा सुरु हुने जानकारी दिइएको छ । संघले अधिवेशनका लागि संघको सदस्यको हैसियतले आफ्नो फर्म/कम्पनीको तर्फबाट प्रतिनिधित्व हुने गरी संघको विधानको परिच्छेद-४ दफा ११ उपदफा ४ (ग) अनुसार नियुक्त गरी लिखित प्रतिनिधि पठाउन सदस्यहरूलाई आग्रह गरेको छ ।

## विद्युत व्यवसायी संघ चितवनको अध्यक्षमा सुवेदी निर्वाचित

भीमलाल श्रेष्ठ

**चितवन, चैत ।** विद्युत व्यवसायी संघ चितवनको अध्यक्षमा नवराज सुवेदीको सर्वसम्मत अध्यक्षतामा निर्वाचित हुनु भएको छ ।

सोमबार भरतपुरमा सम्पन्न विद्युत व्यवसायी संघ चितवनको बाह्रौं वार्षिक साधारणसभा तथा सातौं अधिवेशनबाट पन्ध्रौं सदस्यीय नयाँ कार्यसमिति चयन भएको हो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल विद्युतीय व्यवसायी महासंघका देवकोटाले कार्यक्रमलाई सम्बोधन गर्दै यो समयको अर्थतन्त्रलाई थप संकटतर्फ जान नदिन सबैले समयमा नै पहल थाल्नुपर्ने र सरकार अनि बैंकद्वारा व्यापारीले लिएको ऋणलाई एकाध वर्षको अवधि बढाउन पहल गर्नुपर्ने बताउनुभयो ।

सभाका अर्को अतिथि उद्योग वाणिज्य संघ चितवनका प्रथम उपाध्यक्ष राजेन्द्र ओलीले "विश्व आर्थिक मन्दिको असर नेपाली अर्थतन्त्रमा समेत देखिएको बताउँदै उहाँले अर्थतन्त्रका प्रमुख सूचकहरु आयात, निर्यात, आर्थिक वृद्धि, राजश्व संकलन, उत्पादन, रोजगारी सबै क्षेत्रमा कमी आएको उल्लेख गर्नुभयो । यस्तै महासंघका तृतीय उपाध्यक्ष लेखनाथ सापकोटाले "अर्थतन्त्रलाई ठीक दिशातर्फ डोऱ्याउन सरकार र निजी क्षेत्र दुवै सचेत बन्नुपर्ने र तत्कालको समस्याबाट आत्तिएर व्यवसाय छोड्न नहुने बताउनुभयो ।




संघको नवनिर्वाचित कार्यसमितिहरूमा प्रथम उपाध्यक्षमा विष्णु प्रसाद चालिसे, द्वितिय उपाध्यक्षमा कृष्ण सुवेदी, तृतिय उपाध्यक्षमा गोर्खप्रसाद सापकोटा, सचिव प्रमानन्द सापकोटा, कोषाध्यक्षमा काशीनाथ सापकोटा, सह-सचिवमा खगराज अधिकारी र सह-कोषाध्यक्ष पदमा प्रमेश्वर भट्टराई निर्वाचित भएका छन् । यस्तै सदस्यहरूमा नारायण वंशी, सन्तोष अधिकारी, ओम प्रसाद अम्गाई, रवीन्द्र कुमार श्रेष्ठ, शिव चापागाई, सुजन सुवेदी निर्वाचित हुनुभएको छ भने मनोनिततर्फ हेमलाल कँडेल र सुरेन्द्र खनाल निर्वाचित हुनुभएको छ । कार्यक्रममा गोर्ख प्रसाद सापकोटाले वार्षिक प्रतिवेदन पेश गर्नुभएको थियो । नेपाल विद्युतीय महासंघका अध्यक्ष रेशम प्रसाद देवकोटाको प्रमुख अतिथि रहेको कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका प्रथम उपाध्यक्ष राजेन्द्र ओली, नेपाल विद्युतीय महासंघका निवर्तमान अध्यक्ष सुदर्शन प्रसाद पौड्याल, महासंघका पूर्व अध्यक्ष तेज नारायण खरेल, महासंघका प्रथम उपाध्यक्ष प्रेमबहादुर जि.सि, महासंघ तृतीय उपाध्यक्ष लेखनाथ सापकोटा, लगायत देशभरका नगर/जिल्ला संघका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

## एशोसियसनको अध्यक्षमा पुन: जोशी निर्वाचित

विद्युत संसार संवाददाता

**काठमाडौं, चैत ।** ललितपुर इलेक्ट्रिकल एशोसियसनको अध्यक्षमा विजयनाथ जोशी निर्वाचित हुनुभएको छ ।



एशोसियसनको यहि चैत ११ गते ललितपुर जावालाखेलमा सम्पन्न भएको बाह्रै एवं तेह्रौ औं साधारण सभा तथा छैठौं अधिवेशनबाट जोशीको अध्यक्षतामा सात सदस्य निर्वाचत हुनुभएको छ । सभाबाट अध्यक्षमा विजयनाथ जोशी, उपाध्यक्षमा शान्त लाल ताम्राकार, सचिवमा सञ्जय श्रेष्ठ, कोषाध्यक्षमा हिरा काजी महर्जन निर्वाचित हुनुभएको छ भने कार्यकारी सदस्यहरूमा सन्तोस घिमिरे, राजेश कार्की र कपिल खड्का निर्वाचित हुनुभएको छ ।

## चट्याङबाट आफु बचौं र अरूलाई पनि बचाऔं ।

**चट्याङबाट बच्न**

- घरबाहिर हुनुहुन्छ भने,
- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा र्‍याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

**घरभित्र हुनुहुन्छ भने,**

- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाडा माझ्ने काम नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक**: अभि मिडिया प्रोडक्सन प्रा. लि, **प्रधान सम्पादक**: रामप्रसाद पौडेल, **सम्पादक**: भीमलाल श्रेष्ठ, **व्यवस्थापक**: मनोहर श्रेष्ठ, **डिजाइन**: शिखर श्रेष्ठ, **मुद्रण** : हाईडल प्रेस प्रा.लि.काठमाण्डौ
**कार्यालय**: सुन्धारा-११ चाइनाटाउन, काठमाडौं/**फोन** : ०१-५३४४८१४, **इमेल:** abhimedia111@gmail .com/bidhutsansar@gmail .com/**वेभ**: www .bidhutsansar .com